# सुदूरपश्चिम प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय

email: mosdkailali07@gmail.com
website: mosd.sudurpashchim.gov.np
०९१-५२४५६३ (प्रशासन)
०९१-५२७१०६ (उच्च शिक्षा)
०९१-५२६०५८ (कानून शाखा)
धनगढी, कैलाली


सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

प.स. २०८०/८१
च.नं.

मितिः २०८१।०१।१८

**विषय: वादी उत्थान छात्रवृत्तिका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना।**

सुदूरपश्चिम प्रदेश सरकारको चालु आ.व. २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम तथा **"सुदूरपश्चिम प्रदेश वादी उत्थान छात्रवृत्ति वितरण कार्यविधि, २०८०"** अनुसार चालु आ.व. मा सुदूरपश्चिम प्रदेश भित्रका वादी समुदायका कक्षा (१-१२) मा अध्ययनरत तथा उच्च शिक्षामा अध्ययनरत छात्रवृत्ति प्राप्त गर्न इच्छुक छात्रछात्राहरूले यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन (मिति २०८१।०२।१७ गते) भित्र देहाय अनुसारका कागजात सहित सम्बन्धित जिल्लाको सामाजिक विकास कार्यालयमा आवेदन पेश गर्न मन्त्रालयको मिति २०८१।०१।१८ को निर्णयानुसार सम्बन्धित सबैलाई सुचित गरिन्छ।

२०८१।०१।१८
लोकेन्द्र प्रसाद भट्ट
शाखा अधिकृत

शाखा अधिकृत

क) विद्यालय तह छात्रवृत्तिका लागि

१. जिल्ला प्रशासन कार्यालय वा अधिकार प्राप्त सरकारी निकायबाट वादी समुदायको व्यक्ति भएको व्यहोरा खुल्ने कागजात,
२. आमा वा बाबुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
३. छात्रछात्राको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि,
४. स्थानीय तहबाट सिफारिस भएको स्थायी बसोबास खुल्ने प्रमाणपत्रको प्रतिलिपि,
५. बुँदा नं. २ अनुसार नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश भएको व्यक्तिसँगको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि,
६. अध्ययनरत विद्यालयको सिफारिस,
७. सम्बन्धित छात्रछात्राको बैंक खाता वा निजको आमा/बाबुको बैंक खाता विवरण (आमा बाबु दुवै नभएको हकमा संरक्षकको)
८. कार्यालयले थप कागजात माग गरेको खण्डमा सो समेत।

ख) उच्च शिक्षा छात्रवृत्तिका लागि

क्रमश....

email: mosdkailali07@gmail.com
website: mosd.sudurpashchim.gov.np

# सुदूरपश्चिम प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय

०९१-५२४५६३ (प्रशासन)
०९१-५२७१०६ (उच्च शिक्षा)
०९१-५२६०५८ (कानून शाखा)
धनगढी, कैलाली

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

१. जिल्ला प्रशासन कार्यालय वा अधिकार प्राप्त सरकारी निकायबाट वादी समुदायको व्यक्ति भएको व्यहोरा खुल्ने कागजात,
२. सम्बन्धित छात्रछात्राको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
३. स्थानीय तहबाट सिफारिस वा प्रमाणित भएको स्थायी बसोबास खुल्ने कागजात,
४. कक्षा १२ को ग्रेडसिट वा ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,
५. शिक्षण संस्थामा छात्रछात्रा नियमित अध्ययनरत रहेको सिफारिस पत्र,
६. सम्बन्धित छात्रछात्रा वा निजको आमा वा बाबुको बैंक खाताको विवरण,
७. कार्यालयले थप कागजात माग गरेको खण्डमा सो समेत।

शाखा अधिकृत